राष्ट्रिय दैनिक

# समाचार दैनिक


जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २५९ २०८३ वैशाख १० गते विहिवार (23 May. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## मधेशका बालबालिका र महिलाको अवस्थाबारे मिश्रित चित्र



दैनिक समाचारदाता
जनकपुरधाम, ९ वैशाख । तथ्यांकमा आधारित नीति निर्माण, योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनलाई लक्षित गर्दै आयोजित प्रदेशस्तरीय अन्तरक्रिया तथा नेपाल बहूसूचक सर्वेक्षण (एमआईसीएस) को प्रतिवेदन सार्वजनिक कार्यक्रम बुधबार जनकपुरधाममा सम्पन्न भएको छ ।

युनिसेफ र एमआईसीएसको आयोजनामा भएको सो कार्यक्रममा सो कार्यक्रममा राष्टि्रय तथ्यांक कार्यालयले प्रस्तुत गरेको तथ्यांकहरु अन्य प्रदेशको तुलनामा मधेश प्रदेश सन्तोषजनक रहेको देखाइएको छ । कार्यालयका निर्देशक कृष्ण तुलाधारले महिला, बालबालिका, शिक्षा, स्वास्थ्य, रोजगारी, श्रमशोषण, हिंसा तथा आत्महत्यासम्बन्धी सूचकहरू समेटिएको डिजिटल प्रतिवेदन प्रस्तुत गरेका छन् ।

यद्यपि, कार्यक्रममा सहभागी सरोकारवालाहरूले प्रस्तुत तथ्यांकमाथि गम्भीर प्रश्न उठाएका छन् । उनीहरूले तथ्यांकको आधार स्पष्ट नखुलाइएको, कतिपय महत्वपूर्ण सूचक छुटेको तथा विवरण अस्पष्ट रहेको जिकिर गरेका छन् ।

प्रतिवेदनअनुसार ५ देखि १७ वर्ष उमेर समूहका ६.५ प्रतिशत बालबालिका श्रमशोषणमा संलग्न रहेका छन् । त्यस्तै, २० देखि २४ वर्ष उमेर समूहका ५.७ प्रतिशतले मात्र विवाह गर्ने गरेको देखिएको छ भने १८ वर्षभन्दा कम उमेरमा विवाह गर्नेको संख्या ३८.८ प्रतिशत रहेको उल्लेख छ ।

यसैगरी ८७.७ प्रतिशत बालबालिकाले आफ्नै परिवारबाट कुनै न कुनै प्रकारको हिंसा वा यातना भोग्ने गरेको तथ्यांकमा उल्लेख गरिएको छ। सुरक्षा अनुभूतिको सवालमा १५

बाँकी पृष्ठ ३ मा

## संविधान संशोधन गर्न जसपा नेपालको ३० बुँदामा सुझाव

दैनिक समाचारदाता
काठमाडौं ९ वैशाख । जनता समाजवादी पार्टी नेपालले संविधानमा ३० ठाउँमा संशोधनका लागि सुझाव दिएको छ ।

भाषा, नागरिकता, समावेशी समानुपातिक, स्थानीय तहको चुनाव, संघ, प्रदेश र स्थानीय तहको अधिकार, निर्वाचन प्रणाली, थ्रेसहोल्डलगायत विषय संशोधनका लागि पार्टीले सुझाव दिएको हो । बालेन्द्र शाह नेतृत्वको सरकारले संविधान संशोधनका लागि संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदल २०८२ गठन गरेको छ । उक्त कार्यदललाई जसपा नेपालले आफ्नो सुझाव पठाएको हो ।

गत शनिबार कार्यदललाई पठाएको सुझाव अनुसार पहिलो संविधान सभामा गठित राज्यको पुनसंरचना तथा शक्तिको बाँडफाँडसम्बन्धी उच्चस्तरीय सुझाव आयोगको बहुमतको प्रतिवेदनका आधारमा १० प्लस १ प्रदेश कायम गर्नुपर्ने माग गरेको छ ।

जसपा नेपालले देशको जुनसुकै ओहदाका विशिष्ट



व्यक्तिहरूको सम्पत्ति छानबिन गर्न उच्चस्तरीय 'जनलोकपाल' गठन गर्नुपर्ने माग अघि सारेको छ ।

त्यस्तै आत्मनिर्णयको अधिकारसहितको अधिकारसम्पन्न स्वायत्त प्रदेशहरूको बनाउन आवश्यक सबै कानुनहरूको निर्माण गर्नुका साथै प्रहरी ऐन तत्काल कार्यान्वनमा ल्याउन माग गरेको छ । जसपा नेपालले पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागु गरिनुपर्ने, प्रदेशहरूको नामाङ्कन पहिचानको आधारमा गरिनुनर्पे माग गरेको छ ।

जसपा नेपालले संविधानको धारा ६ मा नेपालमा बोलिने सबै मातृभाषाहरूलाई राष्ट्रभाषाको रूपमा अनुसूचीमा समावेश गर्नुको साथै नेपाली भाषाका साथै सबै मातृभाषाहरूलाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न सुझाव दिएको छ ।

नागरिकता प्राप्तिमा सहजताका लागि आमा वा बाबुको आधारमा वंशजको नागरिकता पाउने व्यवस्थामा संविधानको धारा धारा ११ (३)लाई संशोधन गर्न भनेको छ । उक्त धारामा आमा र बाबुको आधारमा भनिएको छ भने वैवाहिक अङ्गीकृत नागरिकतासम्बन्धी व्यवस्थामा थप सहजता प्रदान गर्न सुझाव दिएको छ ।

दक्षिण एसियाली मुलुकको नागरिकता प्राप्त गरेका व्यक्तिहरूलाई निश्चित सर्तसहित गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न धारा १४ संशोधन गर्न भनेको छ । गोर्खा सैनिक र तिनका परिवारको नेपाली नागरिकता कायम रहने व्यवस्था संविधान लागु गर्न सुझाव दिएको छ ।

त्यसैगरी पछाडि परेका वर्ग र समुदायको राज्यका निकायमा समानुपातिक समावेशी सहभागिताको अधिकार सुनिश्चित गर्नुको साथै लोकतान्त्रिक आन्दोलनका सहिद

बाँकी पृष्ठ ३ मा

## सरकारी विज्ञापन नीतिविरुद्ध मधेश सरकारलाई ज्ञापन

दैनिक समाचारदाता
जनकपुरधाम, ९ वैशाख । नेपाल पत्रकार महासंघ को केन्द्रीय समितिको परिपत्रअनुसार मधेश प्रदेश समितिले सरकारी विज्ञापन नीतिविरुद्ध मुख्यमन्त्री कृष्ण प्रसाद यादव लाई ज्ञापनपत्र बुझाएको छ।

प्रदेश सचिव हदिश खुद्दारको नेतृत्वमा गएको महासंघको टोलीले मुख्यमन्त्री कार्यालय पुगेर उक्त ज्ञापनपत्र हस्तान्तरण गरेको हो।

महासंघले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सचिवस्तरमा जारी गरिएको परिपत्रप्रति गम्भीर आपत्ति जनाएको छ। उक्त परिपत्रमार्फत संघीय मन्त्रालय, आयोग, सचिवालय, प्रदेश तथा स्थानीय तहलाई सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममार्फत मात्र प्रकाशन तथा प्रसारण गर्न निर्देशन दिइएको छ।

महासंघले विज्ञापन क्षेत्रमा देखिएका बेथितिहरू नियन्त्रण गर्ने




सरकारी प्रयासलाई सकारात्मक रूपमा लिए पनि त्यसकै नाममा विज्ञापनलाई सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्ने नीति संविधान, प्रचलित कानुन, अन्तर्राष्टि्रय मान्यता, खुला बजार अर्थतन्त्र तथा संघीयताको मर्मविपरीत रहेको ठहर गरेको छ। यस्तो निर्णयले प्रेस स्वतन्त्रतामाथि अप्रत्यक्ष नियन्त्रण गर्न खोजिएको महासंघको आरोप छ।

ज्ञापनपत्रमा उल्लेख गरिएअनुसार उक्त नीतिले निजी सञ्चारमाध्यमलाई आर्थिक रूपमा कमजोर बनाउने र स्वतन्त्र पत्रकारितामाथि दबाब सिर्जना गर्ने जोखिम बढाएको छ। महासंघका अनुसार देशभर सञ्चालनमा रहेका चार सयभन्दा बढी रेडियो, पत्रपत्रिका, टेलिभिजन तथा अनलाइन मिडियाको आर्थिक आधार यसबाट प्रभावित हुने देखिएको छ। यसले हजारौं पत्रकार, सञ्चारकर्मी तथा कर्मचारीको रोजगारी संकटमा पार्ने चेतावनीसमेत दिइएको छ।

महासंघले दुर्गम क्षेत्रसम्म सूचना प्रवाहमा महत्वपूर्ण

बाँकी पृष्ठ ३ मा


अब अनलाइनबाट बुकिङ्को सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# राजस्व बढ्यो, खर्च सुस्तः मधेशको विकास किन अड्कियो?

मधेश प्रदेशको चालु आर्थिक वर्षको नौ महिनाको वित्तीय अवस्थाले एक गम्भीर प्रश्न उठाएको छ–राजस्व संकलन सन्तोषजनक हुँदा पनि विकास खर्च किन यति कमजोर रह्यो ? प्रदेश सरकारले करिब २० अर्ब १८ करोड रुपैयाँ राजस्व संकलन गर्न सफल भएको छ, तर खर्च भने १३ अर्ब रुपैयाँ पनि पुग्न नसक्नु वित्तीय व्यवस्थापनको गहिरो कमजोरीको संकेत हो।

३० अर्बभन्दा बढीको वार्षिक बजेट बनाएको सरकारले हालसम्म जम्मा ७ अर्ब १ करोड रुपैयाँ मात्र खर्च गर्न सकेको छ, जुन कुल बजेटको झन्डै १५ प्रतिशत मात्र हो। अझ चिन्ताजनक पक्ष त के छ भने पूँजीगत खर्च, जसले विकास निर्माणलाई गति दिनुपर्छ, करिब ९ प्रतिशतमै सीमित छ। यसको अर्थ स्पष्ट छ–प्रदेशमा योजना छन्, बजेट छ, तर कार्यान्वयन कमजोर छ।

यस अवस्थाको मूल कारण योजनाहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्नु हो। योजना छनोटदेखि कार्यान्वयनसम्मको प्रक्रियामा ढिलासुस्ती, प्रशासनिक जटिलता, कमजोर समन्वय र राजनीतिक हस्तक्षेपजस्ता समस्याले विकासको गति अवरुद्ध भएको देखिन्छ। वर्षौंदेखि दोहोरिँदै आएको "टुक्रे योजना" को प्रवृत्तिले पनि बजेटलाई बिखण्डित बनाएको छ, जसले ठूला र दीर्घकालीन परियोजनालाई प्राथमिकतामा राख्न दिँदैन।

राजस्व संकलनको संरचना हेर्दा मूल्य अभिवृद्धि कर, अन्तशुल्क, सवारी करजस्ता शीर्षकबाट उल्लेख्य आम्दानी भएको छ। संघीय सरकारबाट पनि ८ अर्बभन्दा बढी अनुदान प्राप्त भएको छ। यसले स्रोतको अभाव नभएको स्पष्ट पार्छ। तर स्रोत हुँदाहुँदै पनि त्यसलाई प्रभावकारी रूपमा खर्च गर्न नसक्नु शासन प्रणालीकै कमजोरी हो।

यस्तो अवस्थामा प्रदेश सरकारले टुक्रे तथा अनावश्यक योजनाहरू रोक्ने प्रयास थालेको भनिए पनि त्यो मात्र पर्याप्त हुँदैन। आवश्यक छ–योजनाको प्राथमिकता निर्धारण, समयमै ठेक्का प्रक्रिया, कडाइका साथ अनुगमन र परिणाममुखी कार्यान्वयन। अन्यथा बजेट कागजमै सीमित हुने र विकासको अपेक्षा अधुरै रहने जोखिम रहिरहन्छ।

वित्तीय अनुशासन र पारदर्शिता कायम नगरेसम्म यस्ता समस्या दोहोरिरहनेछन्। प्रदेश सरकारलाई अब केवल बजेट बनाउने होइन, त्यसको प्रभावकारी कार्यान्वयनमार्फत जनतामा प्रत्यक्ष लाभ पुर्‍याउने जिम्मेवारी सम्झनु जरुरी छ ।

अन्ततः, मधेश प्रदेशको विकासको मूल प्रश्न अब स्रोत अभाव होइन, क्षमता र इच्छाशक्तिको हो। यदि समयमै सुधारात्मक कदम चालिएन भने "राजस्व बढ्यो" भन्ने तथ्य केवल अंकमै सीमित रहनेछ, जनजीवनमा परिवर्तन ल्याउन सक्नेछैन।

# क्रान्तिनायक लेनिनको जीवनका उतारचढाव

एजेन्सी /भ्लादिमिर इल्यीच उल्यानोभ 'लेनिन' ले एउटा यस्तो क्रान्तिको नेतृत्व गरे, जसले शताब्दीयौँदेखि चल्दै आएको निरङ्कुश शासनलाई उखेलेर फाल्ने काम मात्र गरेन, 'विश्वको पहिलो समाजवादी राज्य' स्थापनासमेत गर्‍यो ।

बोल्सेभिक आन्दोलनका नेताका रूपमा उनले मार्क्सवादी सिद्धान्तलाई व्यावहारिक राजनीतिक कर्मसँग जोडिदिए । त्यसैको परिणामस्वरूप उनको प्रभाव मृत्युपश्चात् पनि दशकौंसम्म कायमै रह्यो ।

प्रान्तीय विश्वविद्यालयको विद्यार्थीदेखि निर्वासित जीवन हुँदै प्रखर सिद्धान्तकार तथा अन्ततः राज्यप्रमुखसम्म बन्न पुगेका लेनिनको जीवन सहज र सरल रहेन । उनको जीवनयात्रा दृढ राजनीतिक विश्वास एवं चतुर रणनीतिबाट प्रेरित अविराम सङ्घर्ष र अथक प्रयासको मनमोहक कथाजस्तो छ ।



*बाल्यकाल*

लेनिनको जन्म सन् १८७० को अप्रिल २२ मा भोल्गा नदीको तिरमा रहेको सिम्बिर्स्क सहरमा भएको हो । यस सहरको नाम पछि गएर उल्यानोभ्स्क राखियो ।

उनका बुबा इल्या उल्यानोभ सरकारी विद्यालयका निरीक्षकका रूपमा काम गर्थे । 'जार' सरकारअन्तर्गत काम गर्नका लागि उनले खानदानी रूपमै कुलीन दर्जा हासिल गरेका थिए । उनकी आमा मारिया अलेक्जान्ड्रोभना ब्ल्याङ्क औसत प्रकारको मिश्रित पारिवारिक पृष्ठभूमिबाट आएकी थिइन् । मारियाको पुर्ख्यौली भने जर्मन र यहुदीसँग जोडिन्थ्यो ।

लेनिनको परिवारले पढाइलेखाइलाई ठूलो महत्त्व दिएको थियो । परिवारका सबै ६ जना बच्चाहरूलाई नै मिहिनेतसाथ पढ्न प्रोत्साहित गरिएको थियो । लेनिनले बाल्यकालमै ल्याटिन र ग्रिकजस्ता शास्त्रीय भाषाहरूमा आफ्नो प्रतिभा प्रस्तुत गरिसकेका थिए ।

सन् १८८७ मा भएको एउटा घटनाले उनीहरूको जीवनमा महत्त्वपूर्ण मोड ल्याइदियो । लेनिनका जेठा दाजु अलेक्जेन्डर उल्यानोभ 'पिपल्स विल' नामको क्रान्तिकारी समूहका सदस्य थिए । उनी तत्कालीन जार अलेक्जेन्डर तृतीयको हत्या गर्ने षड्यन्त्रमा भाग लिएको आरोपमा पक्राउ परे र उनलाई मृत्युदण्ड दिइयो ।

दाजुलाई मृत्युदण्ड दिनुभन्दा अघिल्लो वर्ष मात्र उनीहरूका बुबाको मृत्यु भएको थियो । दाजुलाई दिइएको मृत्युदण्डले लेनिनलाई गहिरो भावनात्मक आघात पुर्‍यायो । त्यतिबेला उनी केवल १७ वर्षका थिए । लेनिन बिस्तारै रुसमा कायम रहेको राजतन्त्रको वैधानिकतामाथि प्रश्न उठाउन थाले र विविध प्रकारका धार्मिक विश्वासलाई अस्वीकार गर्न थाले ।

लगत्तै उनी कानुन अध्ययन गर्न काजान विश्वविद्यालयमा भर्ना भए । विद्यार्थीहरूले सञ्चालन गरेको विरोध कार्यक्रममा संलग्न भएको भन्दै उनलाई त्यहाँबाट निष्कासन गरियो । पछि उनलाई सेन्ट पिटर्सबर्ग विश्वविद्यालयमा बाहिरी रूपमै आफ्नो अध्ययन पूरा गर्न अनुमति दिइयो । तर, त्यसपछिका केही वर्षसम्म उनीमाथि प्रहरी निगरानी भने जारी राखियो ।

सन् १८९० को दशकको सुरुवाततिर लेनिनले कानुनको अध्ययन पूरा गरिसकेका थिए । साथै, छोटो समयका लागि कानुनी सहायकका रूपमा कामसमेत गरेका थिए । त्यही समयमा उनले राजनीतिक साहित्य, त्यसमा पनि विशेष गरी कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सका कृतिहरू पढ्न थालेका थिए ।

बिस्तारै उनले आर्थिक सिद्धान्तको अध्ययन गरे । राजनीतिक निबन्धहरू लेख्न थाले । गोप्य समाजवादी समूहहरूसँग आफ्नो सञ्जाल विस्तार गर्न थाले । बिस्तारै उनको रुचि शैक्षिक गतिविधिभन्दा पनि क्रान्तिकारी योजनाहरूतर्फ सर्न थाल्यो ।

*कट्टर राजनीतिक कार्यकर्ता*

सन् १८९३ मा सेन्ट पिटर्सबर्गमा बस्न थालेपछि लेनिनको सम्बन्ध मार्क्सवादी बुद्धिजीवीहरूसँग बढ्न थाल्यो । त्यसबेला उनी प्रतिबन्धित छलफल समूहहरूमा सामेल हुन थाले । त्यस्ता छलफलहरूमा प्रायःजसो बुद्धिजीवीहरू सहभागी हुने गर्थे, जहाँ आर्थिक शोषण र निरङ्कुशतामाथि केन्द्रित रहेर बहस हुन्थ्यो ।

बिस्तारै लेनिनले भूमिगत पत्रिकाहरूमा आफ्ना लेख छाप्न थाले र मार्क्सवादी सिद्धान्तमा आधारित राजनीतिक आन्दोलनको वकालत गर्न थाले ।

उनले सन् १८९५ मा श्रमिक मुक्तिका लागि भन्दै सङ्घर्ष सङ्गठनको स्थापना गरे । त्यसको नाम 'युनियन अफ स्ट्रगल फर द इमान्सिपेसन अफ वर्किङ क्लास' थियो । उनको लक्ष्य छरिएर रहेका समाजवादी समूहहरूलाई राज्यसत्ताको दमनको सामना गर्न सक्ने क्रान्तिकारी शक्तिमा एकताबद्ध गर्नु थियो ।

उनका राजनीतिक गतिविधि सधैँ गोप्य रहन सम्भव थिएन । सरकारी गुप्तचर प्रहरी 'ओख्राना' को ध्यानाकर्षण हुन थालिहाल्यो । आखिर क्रान्तिकारी सङ्गठनमा संलग्न भएको कारण सन् १८९५ को अन्त्यमा उनी गिरफ्तार भए ।

जेलमा एक वर्षभन्दा बढी समय बिताएपछि उनलाई दुर्गम साइबेरियाली गाउँ शुशेन्स्कोयेमा आन्तरिक निर्वासनको सजाय सुनाइयो । त्यहाँ उनी सन् १८९७ देखि सन् १९०० सम्म निर्वासित रहे ।

निर्वासनको अवधिमा उनले क्रान्तिकारी आन्दोलनमै भेट भएकी प्रखर र प्रतिबद्ध मार्क्सवादी नादेज्दा क्रुप्स्कायासँग विवाह गरे । निर्वासनका दौरान पनि उनले लेख तथा सैद्धान्तिक निबन्धहरू लेख्ने काम जारी नै राखे । त्यस समयका उनका रचनाहरूले रुसी समाजवादी आन्दोलनभित्र भविष्यको राजनीतिक बहसको जग बसाल्दै थिए ।

सन् १८९९ मा उनले 'द डेभलपमेन्ट अफ क्यापिटालिजम इन रसिया' (रुसमा पुँजीवादको विकास) नामक पुस्तक प्रकाशित गरे । जसमा सामन्ती संरचनाहरूको निरन्तरताको आलोचना गर्दै ग्रामीण क्षेत्रमा पुँजीवादी सम्बन्धहरूले जरा गाडेको तर्क गरिएको थियो । त्यो एउटा महत्त्वपूर्ण आर्थिक कृति थियो ।

निर्वासनको अवधि पूरा गरेपछि लेनिन रुस छाडेर अन्यत्र निस्किए । उनले विदेशबाटै आफ्ना क्रान्तिकारी गतिविधिहरू व्यवस्थित गर्न थाले । सन् १९०० मा उनले पश्चिमी युरोपमा प्रकाशित हुने मार्क्सवादी पत्रिका 'इस्क्रा' (द स्पार्क) सुरु गर्न सघाए । साथै, रुसमा क्रान्तिकारी विचारहरू फैलाउन गोप्य रूपमा त्यस्ता अखबारहरू पठाउन थाले ।

*बाँकी ३ पृष्ठमा*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# क्रान्तिनायक......

'इस्क्रा' मार्फत उनले आन्दोलनभित्र व्यापक अनुशासन र केन्द्रीय नेतृत्व हुनुपर्ने धारणा राख्न थाले। उनको त्यो धारणा पार्टी निर्माण र आगामी विकासमा एउटा प्रमुख मुद्दा बन्ने निश्चित थियो।

*सन् १९१७ भन्दा अगाडि*

सन् १९०३ मा रुसी सामाजिक जनवादी श्रम पार्टी (रसियन सोसल डेमोक्र्याटिक लेबर पार्टी) को दोस्रो महाधिवेशन भयो। महाधिवेशन सुरुमा बेल्जियमको राजधानी ब्रसेल्समा भएको थियो भने पछि, बैठक लन्डनमा सऱ्यो। महाधिवेशनमा विविध मतहरूबिच तिक्त विभाजन देखियो। लेनिनले बोल्सेभिक समूह गठन गरे, जसले पेसेवर क्रान्तिकारीहरू कठोर रूपमा सङ्गठित हुने खालको पार्टी हुनुपर्ने माग गऱ्यो।

उनले मेन्सेभिकहरूको अडानलाई अस्वीकार गरे। जुलियस मार्तोभले अगुवाइ गरेको मेन्सेभिक समूहले विस्तारित नेतृत्वसहितको अधिक समावेशी पार्टीको पक्षमा अडान राखेको थियो।

बोल्सेभिक र मेन्सेभिकबिचको यस्तो विभाजनले आगामी सङ्घर्षका लागि बाटो खोल्यो र क्रान्तिकारी आन्दोलनको सङ्गठनात्मक संरचनालाई पनि नयाँ आकार दियो।

सन् १९०५ मा रुसमा भएको रक्तपातपूर्ण घटना (जसलाई पछि 'ब्लडी सन्डे' भनेर चिनियो) लगत्तै सुरु भएको आन्दोलन विस्तारै आम हड्ताल र किसान विद्रोहमा परिणत भयो। तर, त्यो आन्दोलन दमनमा परेर असफल भयो। सन् १९०५ को क्रान्तिको असफलताले लेनिनको 'सशस्त्र विद्रोह र केन्द्रीकृत क्रान्तिकारी नेतृत्वको आवश्यकता' माथिको विश्वासलाई अझै पुष्टि गरिदियो।

सन् १९०५ को क्रान्तिले रुसी संसद् 'डुमा' को सिर्जनाजस्ता केही सुधारहरू त ल्यायो, तर लेनिन भने त्यस्ता सुधारले साँच्चिकै परिवर्तन ल्याउन सक्दैनन् भन्ने कुरामा विश्वस्त थिए। क्रान्तिका वर्षहरूमा 'सेन्ट पिटर्सबर्ग सोभियत' अर्थात् श्रमिकहरूको नेतृत्वको राजनीतिक सङ्गठनको नयाँ मोडेल छोटो समयका लागि लियोन ट्रोत्स्कीको अध्यक्षतामा चलेको थियो।

लेनिनले जेनेभा, पेरिसलगायत अन्य सहरहरूमा निर्वासित हुँदा पनि बोल्सेभिकहरूको नेतृत्व गरिनै रहे। त्यस दौरान उनले विभिन्न राजनीतिक कृतिहरू लेखे र अन्य मार्क्सवादी विचारकहरूसँग बहसमा संलग्न भए।

पहिलो विश्वयुद्धको समयमा लेनिनले जारी युद्धलाई साम्राज्यवादी शक्तिहरूबिचको टकरावका रूपमा तर्क गरे। विश्वयुद्धमा सामेल भएका युरोपेली मुलुकहरूलाई त्यहाँभित्रका समाजवादी दलहरूले समर्थन गरेको विषयलाई लिएर लेनिनले कडा आलोचना गरे।

सन् १९१६ मा उनको कृति 'इम्पेरियलिज्म: द हाइएस्ट स्टेज अफ क्यापिटालिजम' प्रकाशित भयो। जसमा उनले वैश्विक अर्थतन्त्रको विश्लेषण गर्दै औपनिवेशिक विस्तार र एकाधिकारले कसरी युद्ध निम्त्यायो भन्नेबारे विस्तारमा व्याख्या गरेका थिए।

आफ्नो अडानकै कारण उनलाई धेरै साथी समाजवादीहरूले छाडे र उनी एक्लिँदै गए। तथापि, अन्य देशहरूमा क्रान्तिका लागि समर्थन र वर्गसङ्घर्षको आवश्यकतासम्बन्धी उनको धारणा र सक्रियता थप दृढ हुँदै गयो।

*फेब्रुअरी क्रान्ति*

सन् १९१७ मा पेट्रोग्राडमा फेब्रुअरी क्रान्ति सुरु भयो। खाद्यान्न अभाव तथा विश्वयुद्धमा रुसी सेनाको असफलतालाई लिएर हड्ताल र व्यापक विरोध प्रदर्शनहरू द्रुत गतिमा बढ्न थाले। आन्दोलनकै क्रममा जारले राजीनामा दिए। उदारवादी र मध्यम (मोडरेट) समाजवादी नेताहरूको नेतृत्वमा अस्थायी सरकार बन्यो।

त्यसैबेला कामदार तथा सैनिकका प्रतिनिधिहरू मिलेर बनेको पेट्रोग्राड सोभियतले पनि आफ्नो अधिकार दाबी गर्न थाल्यो। फलतः देशमा दोहोरो शक्तिकेन्द्रको अवस्था सिर्जना भयो। त्यतिबेला स्विट्जरल्यान्डको जुरिचमा निर्वासनमा रहेका लेनिनले पनि विद्रोहको बारेमा थाहा पाए र तत्कालै रुस फर्किने योजना बनाउन थाले।

त्यसैबेला जर्मनीलाई रुसमा अस्थिरता बढाएर पूर्वी मोर्चालाई थप अस्थिर पार्दै रुसलाई विश्वयुद्धमा कमजोर पार्नु थियो। त्यही आशामा जर्मनीले लेनिनलाई आफ्नो मुलुक तथा स्विडेनमा सुरक्षा दिएर रुस फर्किने रेलमा यात्रा गर्न सघायो।

उनी सन् १९१७ को अप्रिल ३ मा पेट्रोग्राडको फिनल्यान्ड स्टेसन आइपुगे। त्यहाँ बोल्सेभिक समर्थकहरू तथा पार्टीका सदस्यहरूको ठूलो भिडले उनलाई स्वागत गऱ्यो।

रुस पुगेको केही समयपछि नै उनले 'अप्रिल थेसिस' प्रस्तुत गरे। थेसिसमा उनले युद्धको अन्त्य, सबै भूमिमा राज्यको नियन्त्रण र सोभियतहरूलाई शक्ति दिनुपर्ने माग गरे। साथै, तत्कालीन समयमा विद्यमान प्रहरी, सेना र कर्मचारीतन्त्रको विघटन हुनुपर्ने मागसमेत राखे।

त्यस समय बहाल रहेको अस्थायी सरकारलाई बुर्जुवा शासनको निरन्तरताका रूपमा निन्दा गर्दै उनले समाजवादी राज्य स्थापना गर्न दोस्रो क्रान्तिको आवश्यकता औँल्याए। यस्ता कट्टर मागहरूले समाजवादी आन्दोलनलाई विभाजित गरिदिए। तथापि, नयाँ सरकारले रुसको सङ्कट समाधान गर्ने मामिलामा मजदुर, किसान र सैनिकहरूको विश्वास धर्मराउँदै गयो। त्यस्तो पङ्क्तिले लेनिन र उनको पार्टीलाई समर्थन बढाउन थाल्यो।

*अक्टोबर क्रान्ति*

सन् १९१७ को मध्यसम्म पुग्दा बोल्सेभिकहरूले रुसमा बनेका सोभियतहरूमा व्यापक मात्रामा प्रभाव बढाइसकेका थिए। सोभियतहरूमा लेनिनले आह्वान गरेको दोस्रो क्रान्तिप्रतिको समर्थन बढ्दै गएको थियो।

जुलाई महिनामा अस्थायी सरकारविरुद्ध विद्रोह भयो तर असफल भयो। त्यसपछि गिरफ्तारीबाट बच्न लेनिन फिनल्यान्ड भागे। तर पनि सो अवधिमा उनले चिठी एवं गोप्य बैठकहरूमार्फत पार्टी गतिविधिलाई निर्देशित गर्न भने जारी नै राखे।

क्रान्तिका लागि धेरै पर्खिँदा प्रतिद्वन्द्वी समूहहरूलाई सत्ता सुरक्षित गर्ने मौका मिल्छ भन्ने कुरामा विश्वस्त हुँदै उनले तत्काल कारबाही थाल्नुपर्ने कुरामा जोड दिए। लगत्तै सन् १९१७ अक्टोबर महिनाको २४ र २५ तारिखमा बोल्सेभिकहरूले पेट्रोग्राडबाट होसियारीसाथ योजनाबद्ध सशस्त्र विद्रोहको थालनी गरे।

बोल्सेभिकप्रति वफादार 'रेड गार्ड' हरू तथा युद्धबाट फर्केका सिपाहीहरूले पुलहरू, सरकारी भवनहरू तथा टेलिग्राफ कार्यालयलाई नियन्त्रणमा लिइहाले। अर्को दिन बिहानसम्म उनीहरूले त्यसबेलाको रुसको शीतकालीन दरबारमा आक्रमण गरिसकेका थिए।

उनीहरूले केही घण्टामै अस्थायी सरकारका मन्त्रीहरूलाई गिरफ्तार गरे। त्यसबेला अस्थायी सरकारको नेतृत्व अलेक्ज्यान्डर केरेन्स्कीले गरिरहेका थिए। केही समयमै सोभियतहरूको बैठक बसेर शक्ति सोभियतहरूलाई हस्तान्तरण गर्ने कदमको अनुमोदन गऱ्यो। साथै, लेनिनको अध्यक्षतामा जनकमिसार परिषद् अर्थात् 'सोभनारकोम' गठन गऱ्यो।

नयाँ सरकारले शान्ति र भूमि तथा उत्पादनको क्षेत्रमा तत्काल कामदारहरूको नियन्त्रण हुने आदेश जारी गऱ्यो। त्यही घोषणा लगत्तै रुसी समाज रूपान्तरणको कदम सुरु भयो, जसले पछि गएर वैश्विक राजनीतिक व्यवस्थामानै ठूलो हेरफेर ल्यायो।

*सत्तामा लेनिन*

सोभियत सरकारको नेताका रूपमा लेनिनले ठूलो परिवर्तन र उथलपुथलको नेतृत्व गरे। सन् १९१८ को मार्च ३ मा 'ब्रेस्ट-लिटोभ्स्क' को सन्धि भयो। सन्धिले पहिलो विश्वयुद्धमा रुसको संलग्नता अन्त्य गरिदियो। त्यसका अलावा युक्रेन, फिनल्यान्ड, पोल्यान्ड तथा बाल्टिक राज्यहरूलगायतका ठूला क्षेत्रहरू रुसले गुमाउनुपऱ्यो। रुसलाई आफ्नो जनसङ्ख्याको लगभग एक तिहाइ, उद्योगको लगभग आधा तथा कोइला खानीहरूको नौ-दशांश भाग क्षति भयो।

सन्धि व्यापक रूपमा अलोकप्रिय भयो। तथापि, शक्ति सुदृढीकरण तथा क्रान्तिको रक्षाका लागि यस्तो सन्धि गर्नैपर्नेमा लेनिन दृढ विश्वास गर्थे। त्यतिबेला रुस गृहयुद्धमा थियो। लियोन ट्रट्स्कीले सङ्गठित गरेको 'लाल सेना' ले 'श्वेत सेना' विरुद्धको युद्ध लडेको थियो। श्वेत सेनामा राजतन्त्रवादी, राष्ट्रवादी तथा बेलायत, फ्रान्स, अमेरिका र जापानजस्ता मुलुकका विदेशी हस्तक्षेपकारीहरू सामेल भएका थिए।

अर्थतन्त्रलाई नियन्त्रण गर्न एवं सेनालाई आपूर्ति कायम राख्न लेनिनले 'युद्ध साम्यवाद' (वार कम्युनिज्म) लागू गरे। त्यसअन्तर्गत किसानहरूबाट अन्न लिने, अनिवार्य श्रम गर्नुपर्ने तथा उद्योगमा राज्यको नियन्त्रण हुनेलगायतका व्यवस्था थिए।

युद्ध साम्यवादको नीतिले भोकमरी, विद्रोह र आर्थिक दुरावस्था निम्त्याउन थाल्यो। यी सबै समस्यासँग जुध्दै बोल्सेभिकहरूले अन्ततः सन् १९२१ सम्ममा गृहयुद्धमा जित हासिल गरे।

गृहयुद्धले 'चेका' नामको बोल्सेभिक गोप्य प्रहरीको नेतृत्वमा राजनीतिक दमनको अभियानलाई पनि जन्म दियो, जसलाई 'रेड टेरर' अर्थात् 'लाल आतङ्क' भन्ने गरिन्छ। त्यसबेला हजारौं साँच्चिकै अथवा शङ्कास्पद विरोधीहरूलाई जेल हालियो, धेरैलाई मृत्युदण्ड दिइयो। राजनीतिक बहुलवाद हराएर गयो।

सन् १९१८ को जुलाईमा जार अर्थात् निष्कासित राजाहरूको रोमानोभ परिवारका सबै सदस्यलाई बोल्सेभिक सेनाहरूले मृत्युदण्ड दिए। लाल आतङ्क भने त्यसको हप्ता दिनपछि मात्रै आधिकारिक रूपमा सुरु भएको थियो। मृत्युदण्डलाई राजनीतिक हिंसाको व्यापक अभियानसँग जोडेर हेर्ने गरिएको छ।

गृहयुद्ध समाप्त भएपछि सन् १९२१ को मार्चमा लेनिनले 'नयाँ आर्थिक नीति' (न्यु इकोनोमिक पोलिसी) प्रस्तुत गरेका थिए। यस नीतिले सीमित मात्रामा निजी व्यापार तथा बजारजन्य गतिविधिलाई अनुमति दिएको थियो। त्यस्तो निजी अर्थतन्त्र र खुलापन विशेष गरी कृषि क्षेत्रमा अझै बढी थियो।

नयाँ आर्थिक नीतिले युद्ध साम्यवादको समयमा अभ्यास भएको जबर्जस्ती अन्न अधिग्रहण गर्ने नीतिलाई निश्चित करले प्रतिस्थापन गऱ्यो। त्यसपछि किसानहरू आफ्नो अतिरिक्त उत्पादन बेच्न पाउने भए। खाद्य उत्पादनमा देखिएको कमी र रुसी समाजमा फैलिँदो अशान्ति बढ्नबाट रोक्न यस्तो प्रावधान लागू गरिएको थियो। तर, त्यस्तो नीतिले कम्युनिस्ट पार्टीभित्र धेरैलाई असन्तुष्ट बनाएको थियो।

*निधन*

सन् १९२२ को मे महिनामा लेनिनलाई लगातार 'स्ट्रोक' भयो। त्यसले उनको बोली र क्रियाशीलता दुवैमा गम्भीर असर गऱ्यो।

स्ट्रोकलगत्तै छोटो समयका लागि उनी राजनीतिक गतिविधिमा फर्किएका थिए। त्यसबेला उनले जोसेफ स्टालिनको बढ्दो प्रभावविरुद्ध खबरदारी गर्ने पत्र तथा मेमोहरू पनि लेखेका थिए। उनको स्वास्थ्य अवस्था झन्-झन् बिग्रिँदै गयो।

सन् १९२२ को डिसेम्बरदेखि सन् १९२३ को जनवरीबिच लेखिएको आफ्नो बयानमा उनले स्टालिनको आचरणको आलोचना गरेका छन् र उनलाई महासचिव पदबाट हटाउन सिफारिससमेत गरेका छन्। तर, पार्टी नेताहरूले उनको आग्रह उल्लेखित कागजात नै दबाए।

सन् १९२३ को मार्चसम्म पुग्दा त उनी राज्यको मामिला वा पार्टी नेतृत्वमा सहभागी हुन पूर्ण रूपमा असमर्थ भइसकेका थिए। जीवनका अन्तिम महिनाहरू उनले मस्कोबाहिर रहेको गाउँ गोर्कीमा बिताएका थिए। त्यहाँ उनी आफ्नी श्रीमती क्रुप्स्काया तथा डाक्टरहरूको हेरचाहमा बसेका थिए।

सन् १९२४ को २१ जनवरीमा ५३ वर्षको उमेरमा लेनिनको निधन भयो। उनको निधनको खबरले सङ्घभरि व्यापक शोकको माहोल बनायो। सोभियत सरकारले उनको मृत शरीरको संरक्षण गर्ने निर्णय गऱ्यो र त्यसका लागि उनको शवलाई 'रेड स्क्वायर'मा विशेष रूपमा बनाइएको समाधिस्थलमा राखियो।

लगत्तै सन् १९२४ को २६ जनवरीमा उनको सम्मानमा पेट्रोग्राड सहरको नाम फेरेर आधिकारिक रूपमै लेनिनग्राड राखियो।

लेनिनको निधनपश्चात् उनका कृतिहरू तथा उनको छविको दुरुपयोग हुन थाल्यो। लेनिनको मूल दृष्टिकोणभन्दा भिन्न नीति र कार्यक्रमहरूको औचित्य पुष्टि गर्न पनि उनका रचनाहरूको प्रयोग हुन थाल्यो। लेनिनको नाम एक प्रकारको राजनीतिक प्रतीक बन्न पुग्यो।

घटनाक्रमहरूमा यी तमाम नागबेली मोडहरूका बाबजुद आज पनि लेनिनलाई संसारले सम्झिरहेको छ। उनले नेतृत्व गरेको क्रान्तिले पुरानो व्यवस्था उल्ट्याइदिएको थियो। साथै, रुस मात्रै नभएर विश्वभर २०औं शताब्दीलाई नै प्रभाव पार्ने नयाँ राजनीतिक मोडेल सिर्जना गरेको थियो।

*(हिस्टोरी स्किल्सबाट)*

# संविधान....

परिवार, घाइते र पीडितहरूलाई प्राथमिकताका साथ अवसर र सुविधा दिन धारा ४२ लाई संशोधन गर्न सुझाव दिएको छ।

स्थानीय तहको निर्वाचन दलगत आधारमा हुनुपर्ने भनेको छ। त्यसका लागि धारा ५६ लाई संशोधन गर्न भनेको छ, त्यसमा उपधारा ६ 'क' थप्ने भनेको छ। धारा ५८ मा संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रको थप स्पष्ट गर्ने सुझाव दिएको छ। राष्ट्रपति र उपराष्ट्रपतिमध्ये एक अनिवार्य रूपमा महिला हुनुपर्ने व्यवस्था संविधानमा हुनुपर्ने र त्यसका लागि धारा ७० लाई संशोधन गर्न भनेको छ।

धारा ७० मा यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिंग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्ने उल्लेख छ, तर जसपा नेपालले लिङ्ग वा समुदायको ठाउँमा लिङ्ग र समुदाय उल्लेख गर्न भनेको छ।

समान जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने र समानुपातिक निर्वाचन प्रणालीमा खस आर्यसहित सबै क्लस्टरको स्पष्ट परिभाषा र प्रतिनिधित्व सुनिश्चित गर्न सुझाव दिएको छ।

प्रतिनिधि सभाका सभामुख, राष्ट्रसभाको अध्यक्ष, प्रदेश सभाका सभामुख अनुपस्थितिमा उपसभामुख, उपाध्यक्ष, उपसभामुखले उनीहरूको सम्पूर्ण अधिकार प्रयोग गर्ने प्रावधान राख्न जसपा नेपालले सुझाव दिएको छ।

सर्वोच्च अदालतमा प्रधान न्यायाधीशबाहेक न्यायाधीशको संख्या ३० सम्म पुऱ्याउन सुझाव दिएको छ। धारा १२९ (१) मा प्रधानन्यायधिश अतिरिक्त २० जना न्यायाधीश रहने उल्लेख छ। त्यसलाई संशोधन गरी ३० बनाउन सुझाव दिएको छ।

२१. धारा १६८ मा प्रदेशमा सरकार गठन प्रक्रियामा अझ स्पष्टता गर्न भनेको छ। त्यस्तै १० प्रतिशतभन्दा कम समानुपातिक मत ल्याउने दलको हकमा महिलाबाहेक अन्यको प्रतिनिधित्व नहुने व्यवस्था गर्न धारा १७६ लाई संशोधन गर्न सुझाव दिएको छ।

स्थानीय तहको कार्यकारी अधिकार प्रदेशमातहत राख्न धारा २१४ लाई संशोधन गर्न सुझाव दिएको छ। प्रदेश सीमाना हेरफेरमा प्रदेश सभाको परामर्श अनिवार्य गर्ने, प्रदेश सभाले विधेयक अस्वीकृत गर्दाको अवस्थामा स्पष्ट प्रक्रिया पूरा गर्न सुझाव दिएको छ।

राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेश सभाको सभामुख र सुरक्षा निकायका प्रमुखको पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन वंशज र जन्मसिद्धको आधारमा नेपालको नागरिकतामा प्राप्त गरेको हुनुपर्नेछ तर वैवाहिक अंगिकृतको लागि बाधा पर्ने छैन भनि व्यवस्था राख्न सुझाव दिएको छ।

# मधेशका.........

देखि ४९ वर्ष उमेर समूहका ६५.८ प्रतिशत व्यक्तिले एक्लै हिँड्दा असुरक्षित महसुस गर्ने गरेका छन्।

मानसिक स्वास्थ्यतर्फ १५ देखि २४ वर्ष उमेर समूहका ६.२ प्रतिशत युवायुवती डिप्रेसनको अवस्थामा रहेको र १.३ प्रतिशतले आत्महत्याको सोच राख्ने गरेको तथ्यांकले देखाएको छ। साथै साइबर अपराध, रोजगारी अवस्था र स्वास्थ्यसम्बन्धी अन्य सूचकहरू पनि प्रतिशतका आधारमा सार्वजनिक गरिएको छ।

कार्यक्रममा प्रस्तुत तथ्यांकमाथि मधेश प्रदेश सरकारका अर्थ मन्त्रालयका सचिव रामकुमार महतो, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव यमेन्द्र उपाध्याय, नीति तथा योजना आयोगका सदस्य डा. शिला मिश्र, पत्रकार अजय झा लगायतले आ(आफ्नो धारणा राखेका छन्। वक्ताहरूले तथ्यांकलाई अझ यथार्थपरक, पारदर्शी र विश्वसनीय बनाउन आवश्यक सुधार गर्नुपर्नेमा जोड दिएका छन्।

सरोकारवालाहरूले तथ्यांकलाई मात्र औपचारिकतामा सीमित नराखी नीति निर्माण र कार्यान्वयनमा प्रभावकारी रूपमा प्रयोग गर्नुपर्ने आवश्यकता औंल्याएका छन्।

# सरकारी...........

भूमिका निर्वाह गर्दै आएका स्थानीय सञ्चारमाध्यमहरू बन्द हुने अवस्था आए नागरिकको सूचनाको हक कुण्ठित हुने पनि औंल्याएको छ। सूचना पहुँच कमजोर हुँदा लोकतान्त्रिक अभ्याससमेत प्रभावित हुने महासंघको भनाइ छ।

महासंघले विज्ञापन वितरण प्रणालीलाई पारदर्शी, समावेशी तथा समानुपातिक बनाउन माग गरेको छ। संविधानविपरीतको निर्देशन अस्वीकार गर्न प्रदेश र स्थानीय सरकारलाई आह्वान गर्दै महासंघले आफ्ना माग पूरा नभए निरन्तर संघर्षका कार्यक्रम अघि बढाउने चेतावनी दिएको छ।

यता, ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री यादवले मधेश प्रदेश सरकार मिडियामैत्री रहेको उल्लेख गर्दै उक्त विषयलाई मन्त्रिपरिषद्स्तरमा छलफल गरी कार्यान्वयनतर्फ लैजाने आश्वासन दिएका छन्।

ज्ञापनपत्र बुझाउन नेपाल पत्रकार महासंघ का केन्द्रीय सदस्य राजेश कर्ण, जिल्ला अध्यक्ष पुरण साह, उपाध्यक्ष अवधेश कामत, वरिष्ठ पत्रकार रामभरत साह, कैलास दास, प्रविण साह, अर्जुन मण्डल र भगलु मण्डललगायत सहभागी थिए।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

# लुम्बिनीमा पारित भयो दलित अधिकार विधेयक

दैनिक समाचारदाता
बुटवल, ९ वैशाख। लुम्बिनी प्रदेश सभाले दलितको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको प्रतिवेदनसहितको विधेयक सर्वसम्मतरूपमा पारित गरेको छ।

सातौं अधिवेशनको १४ औं बैठकबाट यो विधेयक सर्वसम्मत रूपमा पारित भएको हो। सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाले 'दलितको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको प्रतिवेदन सहितको विधेयक' माथि छलफल तथा पारित गर्ने प्रस्ताव पेश गरेका थिए, जसलाई प्रदेश सभाले सर्वसम्मत पास गरेको थियो।

विधेयकमा दलित अधिकार र सामाजिक न्यायसँग सम्वन्धित विभिन्न विषयहरू उल्लेख छन्।

***केके छ विधेयकमा ?***

विधेयकमा दलित समुदायका व्यक्ति वा परिवारलाई आवासको व्यवस्था मिलाउने प्रावधान राखिएको छ। आर्थिकरूपमा विपन्न दलित विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि छात्रावासको सुविधा उपलब्ध गराइने, प्रदेशका सरकारी, निजी तथा सामुदायिक विद्यालय र विश्वविद्यालयका छात्रावासमा दलित विद्यार्थीलाई प्राथमिकता दिने व्यवस्था विधेयकमा



गरिएको छ।

यस्तै स्वास्थ्यतर्फ जटिल तथा गम्भीर रोग लागेका विपन्न दलित नागरिकलाई स्थानीय तहको सिफारिसमा प्रदेश सरकारले तोकिएबमोजिम निःशुल्क उपचारको व्यवस्था गर्ने, दलित समुदायको परम्परागत मौलिक पेशाको संरक्षण, विकास र आधुनिकीकरणका लागि प्राविधिक मेसिन, औजार र कच्चा पदार्थमा अनुदान, छुट तथा सहुलियत ऋण उपलब्ध गराउने व्यवस्था विधेयकमा सुनिश्चित गरिएको छ।

समाजमा अझै आंशिक रूपमा विद्यमान जातीय छुवाछुत तथा भेदभावजस्ता कानुनविपरीतका अभ्यासको अन्त्य गर्ने स्पष्ट प्रतिबद्धता पनि विधेयकमा उल्लेख छ।

विधेयकले दलित समुदायको मानव अधिकार, सामाजिक न्याय,समावेशी विकास तथा आर्थिक र राजनीतिक अधिकारलाई सुदृढ गर्दै व्यवहारिक रूपमा कार्यान्वयन गर्ने स्पष्ट आधार तयार गरेको मन्त्री तिमिल्सेनाले बताए।

'विधेयक अनुसार कानून बनेपछि दलित समुदायको मानव अधिकार र सामाजिक न्यायमा सुनिश्चितता, राज्यका हरेक तहमा सामाजिक समावेशी प्रतिनिधित्वको व्यवस्था र नीति निर्माणदेखि कार्यान्वयन तहसम्म दलित समुदायको सहभागिता बढाउने छ,' मन्त्री तिमिल्सेनाले भने, 'आर्थिक स्रोत, साधन र अवसरमा दलित समुदायको समन्यायिक पहुँच स्थापित गरी सामाजिक न्यायलाई व्यवहारमा लागू हुनेछ।'

विधेयकले दलित समुदायको राजनीतिक र आर्थिक अधिकारको संरक्षण, प्रवर्धन र सशक्तिकरणमार्फत सर्वाङ्गीण विकासमा सहयोग गर्ने लक्ष्य राखेको मन्त्री तिमिल्सेनाले बताए।प्रदेश सरकारले यो विधेयकलाई प्रभावकारी रूपमा कार्यान्वयन गरे दलित समुदायको जीवनस्तरमा ठोस सुधार आउने विश्वास गरिएको छ। विधेयकले प्रदेश र स्थानीय सरकारको नीति निर्माणदेखि कार्यान्वयनसम्म दलित समुदायको सहभागिता बढाउने अपेक्षा गरिएको छ।

लुम्बिनी प्रदेशमा २०७८ को जनगणना अनुसार कुल जनसंख्या ५१ लाख २२ हजार ७८ मध्ये दलित जनसंख्याको हिस्सा १४.३० प्रतिशत अर्थात ७ लाख ३ हजार बढी देखिन्छ।

प्रदेशको कुल गरिबी दर २४ प्रतिशत मध्ये दुई लाख देखि तीन लाख दलित गरिबीको रेखामुनि रहेको अनुमान छ।

# विवादबीच गृहमन्त्री गुरुङको राजीनामा

दैनिक समाचारदाता
काठमाडौं, ९ वैशाख। गृहमन्त्री सुधन गुरुङ ले पदबाट राजीनामा दिएका छन्। विवादित व्यवसायीसँग सेयर कारोबारमा संलग्न रहेको आरोप लागेपछि उनले प्रधानमन्त्री बालेन्द्र शाह समक्ष राजीनामा बुझाएका हुन्। गुरुङले सामाजिक सञ्जालमार्फत आफ्नो राजीनामाबारे जानकारी गराएका छन्।

प्रधानमन्त्री शाहले पदभार ग्रहण गरेको दिनमै मन्त्रिपरिषद् गठन गरेका थिए, जसअनुसार सोही दिन गुरुङ गृहमन्त्रीमा नियुक्त भएका थिए।

पद सम्हालेको प्रारम्भिक चरणमै उच्च पदस्थ कर्मचारीमाथि



कारबाही गर्दै चर्चा कमाएका गुरुङ पछिल्लो समय भने विभिन्न आरोपका कारण आलोचनाको केन्द्रमा परेका थिए।

उच्च स्रोतका अनुसार, रवि लामिछाने सँगको छलफलपछि उनले प्रधानमन्त्रीसमक्ष राजीनामा बुझाएको बताइएको छ।

# २० किलो गाँजासहित एक महिला पक्राउ



दैनिक समाचारदाता
सिरहा, ९ वैशाख। सिरहाको गोलबजारबाट गाँजासहित एक महिला पक्राउ परेकी छन्। गोलबजार नगरपालिका(२ टुडकीयाकी गीता कुमारी साहलाई प्रहरीले २० किलोभन्दा बढी गाँजासहित पक्राउ गरेको हो।

इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख प्रहरी निरीक्षक सुदन केसीका अनुसार विशेष सुराकीको आधारमा मंगलबार दिउँसो साहलाई पक्राउ गरेको हो। प्रहरीका अनुसार उनको घरमै प्लास्टिकको झोलामा गाँजाको प्याकिङ गरिरहेको अवस्थामा उनलाई नियन्त्रणमा लिइएको हो।घरबाटै २० किलो ४ सय ग्राम गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ। प्रारम्भिक अनुसन्धानमा साहले अन्यत्रबाट गाँजा खरिद गरी भारततर्फ पुऱ्याएर बिक्री वितरण गर्ने गरेको खुलेको प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको छ।

# भ्रामक सूचना सम्प्रेषण नगर्न आग्रह

काठमाडौँ, ९ वैशाख। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले भ्रामक सूचना सम्प्रेषण नगर्न सबैमा आग्रह गरेको छ।

पछिल्लो समय विभिन्न अनलाइन मिडिया तथा सामाजिक सञ्जालमार्फत आधारहीन, मिथ्या र भ्रामक सामग्री प्रकाशन तथा प्रसारण भइरहेको भन्दै मन्त्रालयले यसप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो।

मन्त्रालयद्वारा आज जारी प्रेस विज्ञप्तिअनुसार यस्ता कपोलकल्पित सूचनाले आम नागरिकमा भ्रम सिर्जना गर्नुका साथै समाजमा गलत मनोविज्ञान फैलाउने काम गरि रहेका छन्।

यसले सूचना प्रणालीप्रतिको विश्वास कमजोर बनाउने र सामाजिक सन्तुलनमा नकार ात्मक असर पार्ने जोखिम र हेको मन्त्रालयले उल्लेख गरेको छ।

भ्रामक सूचना सम्प्रेषण गर्ने कार्यलाई अत्यन्त गम्भीर तापूर्वक लिएको जनाउँदै मन्त्रालयले त्यस्ता गतिविधि नियन्त्रणका लागि कडा कदम चालिने स्पष्ट पारेको छ।

मन्त्रालयले सबै सञ्चार माध्यम, सूचना प्रदायक संस्था तथा व्यक्तिलाई आधिकारिक निकायबाट पुष्टि नभएका समाचार तथा सूचना हचुवाका आधारमा प्रकाशन वा प्रसारण नगर्न सचेत गराएको छ।

मन्त्रालयले यदि आधारहीन, मिथ्या र भ्रामक समाचार प्रकाशन वा प्रसारण भएको पाइएमा त्यस्ता सामग्री प्रकाशन गर्ने व्यक्ति वा संस्थालाई पहिचान गरी प्रचलित कानूनअनुसार कडा कारबाही गरिने चेतावनी दिएको छ।

त्यसैगरी, मन्त्रालयले भ्रामक सूचना फैलाउन सहयोग पुग्ने कुनै पनि क्रियाकलापमा संलग्न नहुन सर्वसाधारणलाई पनि आग्रह गरेको छ।

सामाजिक सञ्जाल प्रयोगकर्ताहरूलाई कुनै पनि सामग्री आफ्नो व्यक्तिगत खातामार्फत साझा गर्नुअघि त्यसको आधिकारिकता र सत्यता अनिवार्य रूपमा जाँच गर्न अपिलसमेत गरिएको छ।

मन्त्रालयले यस्ता भ्रामक सूचना वा समाचारबारे जानकार ी भएमा वा गुनासो भएमा मन्त्रालयको आधिकारिक वेबसाइटमा रहेको 'सामाजिक सञ्जाल गुनासो दर्ता' पोर्टलमार्फत विवरण उपलब्ध गराउन अनुरोध गरेको छ। साथै, आवश्यक परे फोन वा इमेलमार्फत पनि सम्पर्क गर्न सकिने जनाएको छ। रासस

# देशभरि ५४८ किलोमिटर नयाँ सडक कालोपत्र



दैनिक समाचारदाता
काठमाडौं ९ वैशाख। चालु आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमासिक (साउन(चैत)सम्म देशभर ५४८ किलोमिटर सडकमा नयाँ कालोपत्र सम्पन्न भएको छ। यस अवधिमा सडक पूर्वाधार विस्तारमा मध्यम तर स्थिर प्रगति देखिएको छ।

सडक विभागका अनुसार चैत मसान्तसम्म दुई लेनका ४७४ किलोमिटर तथा चार लेनका ७४ किलोमिटर सडक कालोपत्र गरिएको छ। चालु आर्थिक वर्षमा सरकारले कुल ८०० किलोमिटर दुई लेन सडक कालोपत्र गर्ने लक्ष्य लिएकोमा नौ महिनामा ५० प्रतिशतभन्दा बढी प्रगति हासिल भएको छ।

चार लेन सडकतर्फ भने प्रगति अपेक्षाकृत सन्तोषजनक देखिएको छ। यस वर्ष १०९ किलोमिटर चार लेन सडक कालोपत्र गर्ने लक्ष्य राखिएकोमा करिब ६७ प्रतिशत काम सम्पन्न भइसकेको विभागले जनाएको छ।

पुल निर्माणतर्फ पनि उल्लेख्य उपलब्धि हासिल भएको छ। चालु आवमा १६२ वटा पुल निर्माण गर्ने लक्ष्य राखिएकोमा चैतसम्म ११८ वटा पुल निर्माण सम्पन्न भइसकेका छन्। यससँगै तीन वटा बेली ब्रिज जडान गरिएको छ, जबकि कुल पाँच वटा जडान गर्ने लक्ष्य रहेको छ।

सडक सुरक्षालाई प्राथमिकतामा राख्दै ३७ हजार १४२ मिटर क्र्यास बेरियर जडान गरिएको छ। त्यस्तै, राजमार्ग मर्मत ७१ किलोमिटर तथा पुनर्निर्माण एवं स्तरोन्नति ५२ किलोमिटरमा सम्पन्न भएको तथ्यांकले देखाउँछ।

यस अवधिमा सडक विभागमार्फत ३ हजार ८७१ कार्यदिन बराबर रोजगारी सिर्जना भएको छ। बजेट कार्यान्वयनतर्फ नौ महिनामा ४४ अर्ब रुपैयाँ खर्च भइसकेको छ भने चालु वर्षका लागि विभागले कुल १ खर्ब २४ अर्ब रुपैयाँ बराबरको बजेट कार्यान्वयन गरिरहेको छ।

समग्रमा, सडक विस्तार र स्तरोन्नतिमा अपेक्षित




विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४